विधेयक संख्याः

मितिः

# जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय
प्रदेश नं. १
विराटनगर, नेपाल

# <u>जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाइ लागू गरेकोछ ।

१. **<u>संक्षिप्त, नाम र प्रारम्भः</u>** (१) यो ऐनको नाम **"जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५"** रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐनले संशोधन गरी थप भएका पारिश्रमिक तथा सेवा सुविधा यो ऐन लागू भएको मिति देखि मात्र लिन सकिनेछ ।

२. **<u>जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ संशोधनः</u>** (१) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(यस पछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (३) झिकिएकोछ ।

उपरोक्त सम्बन्धमा मिति २०७६/२/२९ गते बसेको प्रदेश सभाको चौथो तथा बजेट अधिवेशनको १० औं बैठकले पारित गरेको विधेयक “जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" नेपालको संविधानको धारा २०१(१) बमोजिम प्रमाणित गर्दछु ।

__________________

मा. प्रदिप कुमार भण्डारी

सभामुख